# आय र कर न्यायव्यवस्था ऐन २०१६

## आय र कर सम्बन्धी न्यायव्यवस्थामा सुधार गर्न बनेको ऐन

प्रस्तावनाः- नेपाल अधिराज्यको आय र कर सम्बन्धी न्याय व्यवस्थामा समयानुसार केही सुधार गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पांचौ वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम आय र कर न्यायव्यवस्था ऐन, २०१६ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो दफा तुरून्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) 'बडाहाकिम' भन्नाले स्थानीय बडाहाकिम संझनु पर्छ र यो शब्दले स्थानीय मेजिष्ट्रेटलाई समेत जनाउँछ ।

(ख) 'माल अड्डा' भन्नाले स्थानीय माल अड्डा संझनु पर्छ र यो शब्दले स्थानीय पोता रजिष्ट्रेशन र गुठी अड्डाहरूलाई समेत जनाउँछ ।

(ग) 'भन्सार अड्डा' भन्नाले स्थानीय मूल भन्सार अड्डा संझनुपर्छ ।

(घ) 'आय र कर अदालत' भन्नाले यो ऐन बमोजिम स्थापना र गठन गरिएको आय र कर अदालत संझनुपर्छ ।

(ङ) 'आय र कर अदालतको न्यायाधीश' भन्नाले आय र कर अदालतको मुख्य न्यायाधीशलाई समेत जनाउँछ ।

३. <u>आय र कर अदालतको स्थापना र गठन</u>: (१) नेपाल अधिराज्यको निमित्त आय र कर अदालत नामको एक अदालत रहने छ जसमा श्री ५ को सरकारबाट नियुक्त देहाय बमोजिमको नेपाली नागरिक मुख्य न्यायाधीश र न्यायाधीश हुनेछन्ः-

(क) सर्वोच्च अदालतको न्यायाधीश वा अतिरिक्त न्यायाधीश भइसकेको वा हुने योग्यता भएको एकजना व्यक्ति मुख्य न्यायाधीश,

(ख) मालपोत सम्बन्धी नेपाल कानूनमा पोख्त र मालपोत प्रशासनमा अनुभव प्राप्त भन्ने श्री ५ को सरकारलाई लागेको एकजना व्यक्ति न्यायाधीश र,

(ग) भन्सार सम्बन्धी नेपाल कानूनमा पोख्त र भन्सार प्रशासनमा अनुभव प्राप्त भन्ने श्री ५ को सरकारलाई लागेको एकजना व्यक्ति, न्यायाधीश ।

(२) आय र कर अदालतका मुख्य न्यायाधीश र अन्य न्यायाधीशको पारिश्रमिक श्री ५ को सरकारबाट निर्धारित भए बमोजिम हुनेछ ।

(३) आय र कर अदालत काठमाडौंमा वा श्री ५ को सरकारले तोकेको अन्य कुनै स्थानमा बस्नेछ ।

(४) मुख्य न्यायाधीश समेत गरी दुईजना न्यायाधीश उपस्थित नरही आय र कर अदालतबाट कुनै मुद्दा मामिलाको फैसला वा अन्तिम आदेश हुन सक्दैन ।

(५) आय र कर अदालतका मुख्य न्यायाधीश र अन्य न्यायाधीशमा मत भिन्न भएमा बहुमतको निर्णय मान्य हुनेछ । दुइजना न्यायाधीश उपस्थित रहेको बखत मत बराबर हुन आएमा मुख्य न्यायाधीश सहित तीनैजना न्यायाधीशहरू उपस्थित रहेका बखत पेश गरी अन्तिम निर्णय गरिने छ । तीनजना न्यायाधीशको तीन मत भएमा सर्वोच्च अदालतबाट जाँची किनारा हुनेछ ।

४. <u>मालअड्डाको शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्र</u>: यो दफा प्रारम्भ भएका मिति देखि यो ऐनका अधीनमा रही कुनै इलाका भित्रका देहायका किसिमका मुद्दा मामिलामा शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्र सो इलाकाका माल अड्डालाई मात्र हुनेछ ।

(क) जग्गा दपोट,

(ख) तिरो दपोट,

(ग) मर्ता पर्ता भई उकास भएका जग्गा सम्बन्धी,

(घ) हाल आवादी,

(ङ) मालपोत सम्बन्धी,

(च) जिमिदारी बहाली बर्खासी,

(छ) तालुकदारी बहाली बर्खासी,

(ज) पटवारी बहाली बर्खासी,

(झ) जग्गा भोगेको नाताले लागेको रकम सम्बन्धी,

(ञ) श्री ५ को सरकार अधीनस्थ वा श्री ५ को सरकारबाट व्यवस्था भएको गुठी र धर्मलोप तथा सनातनी पूजाआजा लोप भए गरेको,

(ट) माल अड्डा सम्बन्धी ठेक्का पट्टाको नोक्सानी असूल उपर गरिलिनु पर्ने विषय, र

(ठ) श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित आदेशमा तोकेको माल अड्डा सम्बन्धी अन्य कुनै विषय

५. <u>भन्सार अड्डाको शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्र</u>ः यो दफा प्रारम्भ भएको मितिदेखि यो ऐनको अधीनमा रही कुनै इलाका भित्रका देहायका किसिमका मुद्दा मामिलामा शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्र सो इलाकाका भन्सार अड्डालाई मात्र हुनेछः-

(क) भन्सार महसूल नतिरी निकासी वा पैठारी गरेको,

(ख) मनाही भएको माल निकासी वा पैठारी गरेको,

(ग) भन्सार अड्डा तालुक भएको बहाल वा बिटौरी,

(घ) भन्सार अड्डा सम्बन्धी ठेक्का पट्टाको नोक्सानी असूल उपर गरिलिनु पर्ने विषय, र

(ङ) श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित आदेशमा तोकेको भन्सार अड्डा सम्बन्धी अन्य कुनै विषय ।

६. बडाहाकिमको शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्रः दफा ४ वा दफा ५ मा लेखिएको माल अड्डा वा भन्सार अड्डाका अधिकार क्षेत्र भित्र पर्न आउने कुनै मुद्दा मामिलामा सम्बन्धित माल अड्डा वा भन्सार अड्डा समेत मुछिएको रहेछ भने यो दफा प्रारम्भ भएको मितिदेखि यो ऐनका अधीनमा रही त्यस्तो मुद्दा मामिलामा शुरू कारवाई र किनारा गर्ने अधिकार क्षेत्र सो इलाकाका स्थानीय बडाहाकिमलाई मात्र हुनेछ ।

७. शुरू कारवाई गर्ने अधिकारीको अधिकारः यो ऐनले दिएको अधिकार क्षेत्रको प्रयोग गरी कुनै मुद्दा मामिलाको शुरू कारवाई र किनारा गर्दा झगडिया र साक्षी झिकाउने, सबूत प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड जरिवाना र सजाय गर्ने समेत प्रचलित नेपाल कानून बमोजिम अरू शुरू अदालतलाई भए सरहका सबै अधिकारको प्रयोग मालअड्डामा भन्सार अड्डा वा बडाहाकिमले गर्न सक्ने छ ।

८. <u>अपील र साधक</u>: (१) यो ऐन अन्तर्गतको कुनै मुद्दा मामिलामा दफा ४ अन्तर्गत माल अड्डा वा दफा ५ अन्तर्गत भन्सार अड्डाले गरेको जुनसुकै फैसला वा अन्तिम आदेश उपर बडाहाकिममा अपील लाग्ने छ ।

(२) उपदफा (१) अन्तर्गत बडाहाकिम छेउ अपील परी वा दफा ६ अन्तर्गत शुरू कारवाई गरी बडाहाकिमले गरेको जुनसुकै फैसला वा अन्तिम आदेश उपर आय र कर अदालतमा अपील लाग्नेछ ।

(३) उपदफा (२) अन्तर्गत अपील परेका मुद्दा मामिलामा आय र कर अदालतले गरेको फैसला वा आदेश अन्तिम हुनेछ र त्यस उपर कुनै अन्य अदालतमा अपील लाग्ने छैन ।

तर आय र कर अदालतको फैसला वा आदेशमा प्रत्यक्ष रूपबाट कुनै कानूनी त्रुटि हुन गएको छ भन्ने कुरामा आफ्नो चित्त बुझेमा सो फैसला वा आदेश उपर अपील सुनी अन्तिम फैसला वा आदेश गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

(४) यो ऐन अन्तर्गतको कुनै मुद्दा मामिलामा प्रचलित नेपाल कानून बमोजिम साधक रिपोर्ट भएकोमा अन्तिम निकासा दिने अधिकार आय र कर अदालतलाई हुनेछ ।

९. <u>अधिकार सुम्पने अधिकार</u>: आय र कर सम्बन्धी मुद्दा मामिलामा अपील उजुर हेरी अन्तिम निर्णय गर्ने सम्बन्धमा नेपाल कानून बमोजिम श्री ५ को सरकार वा त्यसको कुनै प्रशासकीय अङ्गलाई भएको अधिकार श्री ५ को सरकारले

नेपाल गजेटमा प्रकाशित आदेशद्वारा आय र कर अदालतलाई सुम्पन सक्नेछ ।

१०. <u>अपील सुन्ने अधिकारीको अधिकार</u>ः प्रचलित नेपाल कानूनले तोकिदिएको शर्त बन्देजमा रही अपील सुन्ने आय र कर अदालत वा बडाहाकिमलाई निम्नलिखित अधिकार हुनेछः-

(क) मुद्दा मामिलाको अन्तिम रूपले निर्णय गर्ने,

(ख) मुद्दा मामिलामा मुख्य ठहऱ्याउनु पर्ने कुरा खुलाई मनासिव माफिकको समय तोकी मुद्दाको लगत कायमै राखी सो विषयमा कारवाई र किनारा गर्न तल्लो अड्डामा फिर्ता पठाउने,

(ग) तल्लो अड्डाले गरेको फैसला वा आदेशलाई सदर, बदर वा केही उल्टी गर्ने र सो तल्लो अड्डाले गर्न पाउने आदेशफैसला गर्ने,

(घ) आफैले बढी सबूद लिने र शुरू कारवाई गर्ने अड्डाबाट पनि लिन लगाउने, र

(ङ) यो ऐन अन्तर्गत पर्न आएका मुद्दा मामिलाको सम्बन्धमा झगडिया र साक्षी झिकाउने, सबूद प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड जरिवाना र सजाय गर्ने समेत प्रचलित नेपाल कानून बमोजिम अरू अदालतलाई भए सरहका सबै अधिकारहरू प्रयोग गर्ने ।

११. <u>काम बाँकी मुद्दा मामिला सार्ने</u>ः यो दफा प्रारम्भ भएको मितिले अघिल्लो दिनसम्म सर्वोच्च अदालत लगायत अन्य कुनै अड्डा अदालतमा दायर भई छिन्न बाँकी रहेका यो ऐन अन्तर्गत पर्न आउने जति मुद्दा मामिला यो दफा प्रारम्भ भएपछि अवस्थानुसार माल अड्डा वा भन्सार अड्डा वा बडाहाकिम वा आय र कर अदालतमा सर्ने छन् र यो ऐन बमोजिम किनारा हुनेछन् ।

१२. <u>नियम बनाउने अधिकार</u>ः यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले आय र कर अदालतको सल्लाह लिई नियम बनाउन सक्नेछ ।

१३. <u>बाझिएमा गर्ने</u>ः यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएकोमा सोही बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०१६।८।२५।५